# रेडियोको सन्दर्भः सम्झना लाहुरे र केनेडीको

**तीर्थ श्रेष्ठ**

पोखरा बजारमा ढुङ्गा छापेका बाटाभरि बुट बजार्दै, काँधमा रेडियो भिरेर जब लाहुरेहरू हिँड्थे, म एकतमासले तिनको काँधमा झुण्डिएर निरन्तर बजिरहने रेडियो हेरिरहन्थेँ । लाहुरेको खागी वर्दी, गर्विलो बुटको आवाज, अनि पछिल्तिर बेडिङ् र बाकस बोक्ने भरियाभन्दा लाहुरेको काँधमा झुण्डिएर घन्किरहने रेडियोप्रतिको मेरो आकर्षण निकै पछिसम्म रह्यो । हुन त त्यस बेला अर्थात् २०१८/२० सालतिर नै मेरो घरमा बुवाहरूले सञ्चालन गर्नुभएको कपडा पसलमा काठको टाँसी बनाएर राखिएको फिलिप्सको ठूलो खालको रेडियोले पनि मलाई कम चकित तुल्याउँदैनथ्यो । कहाँबाट आवाज निस्कन्छ भनेर बालसुलभ जिज्ञासाले मलाई सताइरहन्थ्यो । को होला त्यो बाकसभित्र बसेर बोल्ने मान्छे भन्ने खुल्दुली पनि आउँथ्यो मनमा । त्यति सानो बाकसमा ठूलो मान्छे कसरी अटाउँदो हो भन्ने पनि लाग्थ्यो । पछि बिस्तारै यी सबै जिज्ञासा र खुल्दुलीहरू पहाडका काँधहरू छुँदै हिँड्ने बादल जस्तै गायब भए ।

पोखरामा रेडियो पहिलो पटक कसले ल्यायो– निश्चयसाथ भन्न सकिन्न । तर धन शमशेरको बडाहाकिम काल अर्थात् २००४ सालतिर मात्र रेडियोको अनुहार पोखरेलीले देख्न पाएका हुन् । सायद धन शमशेरकहाँ नै त्यो गीत गाउने, बोल्ने बाकस पहिलो पटक देखिएको हो । रैतीकहाँ रेडियो राख्नु पनि राणाहरूका लागि आफ्नो शानको बर्खिलाप लाग्दथ्यो । आजभन्दा झण्डै ५५/५६ वर्षअगाडि आश्चर्यलाग्दो वस्तुका रूपमा देखिएको रेडियो अहिले अत्यन्त साधारण बनेको छ । रेडियो नेपालको क्षेत्रीय प्रसारण केन्द्रलगायत थरीथरीका एफएम प्रसारणको बेफिक्री उपभोग गर्दैछ पोखरा ।

बाल्यवयमा रेडियो मेरालागि सूचना र मनोरञ्जन दुवैको स्रोत र साधन थियो । हाम्रो पसलमा काम गर्ने पूर्ण काका रेडियो सिलोनमा बज्ने हिन्दी गीत सुनेर मक्ख पर्नुहुन्थ्यो । अमिन सयानीको उद्घोषण कलाको दवदवा नै थियो त्यस बेला । त्यो पुरानो फिलिप्स रेडियोबाट हामी अल इण्डिया रेडियो पनि सुन्थ्यौँ । समाचार आउने समयमा टोल वरिपरिका भद्र भलाद्मीहरू जम्मा हुन्थे । कोहीकोही त तमाखु खाँदै बडो गम्भीरपूर्वक समाचार सुनिरहेका हुन्थे । तिनीहरू साँच्चै गम्भीर थिए वा गम्भीरता ओढिरहेका हुन्थे– त्यो त मलाई अहिलेसम्म पनि थाहा छैन । कहिलेकाहीँ विचित्र लाग्दो घटना जोडिन्थ्यो रेडियोको समाचारसँगै । एकजना पागल थिए– अत्यन्त धाराप्रवाह रूपमा अङ्ग्रेजी बोल्ने । २०२८/२९ सालताका अमेरिकी पूर्व राष्ट्रपति केनेडीको निकै चर्चा हुन्थ्यो । त्यसैले धाराप्रवाह अङ्ग्रेजी बोल्ने ती पागलको नाम पनि केनेडी राखिदिएका थिए बुज्रुकहरूले । सायद ती दक्षिण भारतीय थिए । पर्वतको कुनै स्कूलमा अङ्ग्रेजी पढाउँदा पढाउँदै मानसिक सन्तुलन गुमाएका तिनीप्रति हामीमा एउटा नजानिँदो आदरभाव पनि थियो । उनी रेडियो नेपालको नेपाली समाचारलाई अङ्ग्रेजीमा र अङ्ग्रेजी समाचारलाई नेपालीमा तत्कालै उल्था गरेर हामीलाई चकित तुल्याउँथे ।

मेरो बालापनमा रेडियोको महत्त्वपूर्ण भूमिका रहेको छ । म रेडियोको समाचारबाट विभिन्न देशका राष्ट्रपतिहरू, राजदूतहरू र राजधानीहरूको नाम टिप्ने गर्थें । विद्यालयका हाजिरी जवाफ प्रतियोगिताहरूमा यसैका आधारमा मेरो दबदबा पनि हुने गर्थ्यो । रेडियो– अझ मेरो घरको पसलको टाँसीमा राखिएको पुरानो ठूलो फिलिप्स रेडियो– मेरा लागि सूचना र ज्ञानको अत्यन्तै उपयोगी माध्यम थियो ।

वि.सं. २०२८ सालमा गण्डकी बोर्डिङ स्कूलमा हामी अर्थात् मेरा ठूलोबुवाका छोरा यज्ञ दाइ, मेरो भाइ सूर्य र मलाई हाम्रा बुवाहरूले भर्ना गरिदिनु भयो ।

माघ महिनाको अन्तदेखि हामी होस्टेलमा बसेर पढ्ने निधो भयो । बोर्डिङ् स्कूल पढ्ने कुराले मेरो मानसमा उत्साह र अन्यौलको अनौठो सङ्गमयुक्त परिवेशको निर्माण गरिरहेको थियो । आमा बुवाको काख छोडेर होस्टेलमा बस्ने कुराले केही हदमा भयभित पनि तुल्याएको थियो । त्यसै बेला हाम्रो रेडियो रुन लाग्यो । एकनासले शङ्खध्वनि बज्न थाल्यो । ठूलोबुवाले पसल बन्द गर्नुभयो । एकप्रकारले केही अनिष्ट भयो भन्ने आशङ्का ममा पनि छायो । पछि थाहा भयो– राजा महेन्द्रको देहावसान भएको रहेछ । निरन्तर शोकधुनले राजाको मृत्युको सन्देश दिएको रहेछ । त्यसपछि होस्टेल जाने हाम्रो कार्यक्रम तेह्र दिनका लागि पछि सऱ्यो ।

बाल्यकालका यी सम्झनाहरूले मलाई अहिले पनि दङ्ग पार्छन् । सञ्चारको क्षेत्रमा अभूतपूर्व प्रगतिले आफ्ना बाल्यवयका यी घटनाहरूलाई दन्त्यकथा जस्ता बनाइदिएका छन् । हिजो आश्चर्यलाग्दो रेडियो आज पनि बजिरहेकै छ– उत्तिकै शानका साथ । सञ्चार जगत्मा जतिसुकै प्रगति भए पनि रेडियोको महत्ता घटेको छैन ।